नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## खाद्य पदार्थ रोक्का सम्बन्धी प्रेस नोट

मिति २०८२/१२/०२ गते नियमित अनुगमनको क्रममा तपसिलको खाद्य व्यवसायमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम स्थलगत अनुगमन तथा निरीक्षण गरी तपसिलका खाद्य पदार्थ रोक्का गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| २. | सिताराम गोकुल मिल्क्स, काठमाडौं, किर्तीपुर ०४, काठमाडौं | • प्रशोधित दुधको लागि नेपाल सरकारले तोकेको न्यूनतम अनिवार्य गुणस्तर मापदण्डमा दुधको चिल्लो पदार्थ ३.०% हुनपर्नेमा उद्योगमा रहेको लगबुकमा १.४% मात्र पाइएको (उत्पादन मितिः २०८२-१२-०२, ब्याच नं: २८६१) हुँदा उत्पादन भई विक्री वितरणको लागि कोल्ड स्टोरमा तयारी अवस्थामा रहेको सोही ब्याचको प्रशोधित दुधलाई उद्योगमा रहेको प्रयोगशालामा परिक्षण गर्दा पनि दुधमा चिल्लो पदार्थको मात्रा नेपाल सरकारले प्रशोधित दुधको लागि तोकेको न्यूनतम अनिवार्य गुणस्तर मापदण्ड भन्दा कम पाइएको । | • उत्पादन भई विक्री वितरणको लागि कोल्ड स्टोरमा तयारी अवस्थामा रहेको ५१९ क्रेट (५०० मि लि × २० पोका प्रति क्रेट) प्रशोधित दुध खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा (३३) बमोजिम विक्री वितरण नगर्ने निर्देशन सहित **रोक्का राखिएको**<br>• थप अनुसन्धानको लागि प्रयोगशाला परिक्षणनार्थ उक्त ब्याचको दुधको नमुना संकलन गरिएको। |

डा. बाल कुमारी शर्मा

प्रवक्ता

२०८२/१२/०३

<u>कैफियतयुक्त दुधको नमुनाको फोटोहरू</u>







